जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय ३ दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १६४ पृष्ठः ४ | २०८२ कार्तिक ०२ आइतबार (Sunday 19 Oct. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# कञ्चनपुर-कमला सडक विस्तारमा ढिलाइ, दुईपटक म्याद थपिए पनि प्रगति ६७ प्रतिशत मात्र



सिरहा, १ कार्तिक। गौरवको आयोजनाका रूपमा अगाडि बढाइएको कञ्चनपुर-कमला सडक विस्तार तथा स्तरोन्नतिको काम दुईपटक म्याद थपिएपछि पनि सुस्त गतिमा छ। सन् २०२३ अक्टोबर २८ मा सक्ने लक्ष्य राखिएको यो रु १५ अर्ब ६६ करोडको आयोजनाको हालसम्मको निर्माण प्रगति ६७ प्रतिशत मात्र छ। चाइना रेलवे कम्पनी-२ इञ्जिनियरिङ ग्रुपले ठेक्का पाएको यो आयोजनाको हालको सम्झौताअनुसार अब डिसेम्बर २०२५ भित्र काम सक्नुपर्नेछ।

विशेष गरी पश्चिम खण्डअन्तर्गत लहान क्षेत्रमा काम निकै सुस्त छ योजना पश्चिम खण्डका सूचना अधिकारी सरोजकुमार कोइरालाका अनुसार अण्डरपास, ओभरपास र आकाशेपुलको पाइल फाउण्डेशन जस्ता मुख्य संरचना निर्माण नहुनु प्रमुख अवरोध हो। निर्माणस्थलमा पर्ने विद्युत् प्राधिकरणका पोल समयमै नहटाइँदा पनि ढिलाइ भएको कोइरालाको भनाइ छ निर्माणमा ढिलाइ हुँदा स्थानीयले वर्षौंदेखि धुलो र हिलोको सास्ती भोगिरहेका छन् भने व्यापारसमेत प्रभावित भएको छ कम्पनीले लागत बढेको भन्दै आर्थिक नोक्सानी बेहोरेको बताउँदै आएको छ ।

# लमाहा नदीमा डुबेर दुई जनाको मृत्यु

रौतहट, १ असोज। रौतहटको गरुडा नगरपालिका ५ शिवनगरस्थित लमाहा नदीमा डुबेर दुई बालकको मृत्यु भएको छ। शिवनगर मन्दिरको उत्तरतिर खोलामा नुहाउने क्रममा दिउँसो करिब १ बजेतिर दुई बालकको मृत्यु भएको हो। रौतहटको देवाही गोनाही नगरपालिका ३ घर भई हाल गरुडा नगरपालिका ५ शिवनगरमा टिभिएस मोटरसाइकलको शो रुम सञ्चालन गरिरहेका संजीव साहका करिब १० वर्षका छोरा नीरज साह र उनका दाजु राजकिशोर साहका छोरा करिब १० वर्षका अर्जुन साहको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।

गर्मी बढेपछि खाना खाएर नुहाउन गएका दुवै जना नुहाउँदा नुहाउँदै डुबेको स्थानीयको भनाइ छ। सँगै नुहाइ रहेका दुवै जना गहिरो पानीमा डुबेको देखेर स्थानीय बालबालिकाले अभिभावकलाई भनेपछि स्थानीयले दौडेर पानीबाट उद्धार गर्न खोजेका थिए।

निकै बेर पानीमा खोजेपछि दुवै बालकलाई स्थानीयले अचेत अवस्थामा पानीबाट निकालेका थिए। बाहिर निकालेर पेट थिच्ने र मुखमा हावा दिने काम गरे पनि सम्भव नभएपछि स्थानीय याशिव संजीवनी अस्पताल पुर्‍याएका थिए। अस्पताल पुर्‍याएपछि चिकित्सकले दुबै बालकलाई मृत घोषणा गरेका थिए।

पानीमा डुबेर मृत्यु भएका दुवै बालकको शवलाई पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल गौर पठाइएको इलाका प्रहरी कार्यालय शिवनगरले जनाएको छ।

# अपहरण तथा शरीर बन्धक अपराधमा संलग्न दुई भारतीय नागरिक पक्राउ

काठमाडौं, १ कार्तिक। नेपाल प्रहरीले अपहरण तथा शरीर बन्धक अपराधमा संलग्न दुई भारतीय नागरिकलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसरको टोलीले अपहरण तथा शरीर बन्धक राख्ने अपराधमा संलग्न भारत पञ्जाबका २४ वर्षीय परमप्रितसिंह र २८ वर्षीय लवप्रित सिंहलाई पक्राउ गरेको हो। परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले उनीहरुले भारत हरियाणाका २६ वर्षीय अंकित कुमारलाई झुक्यानमा पारेर नेपाल हुँदै अस्ट्रेलिया पठाइदिने भनी काठमाडौं ल्याएर बन्धक बनाएको सूचनाका आधारमा पक्राउ गरिएको जानकारी दिए।

**-बाँकी अन्तिम पेजमा**

# जनकपुरधाममा व्यापारी र प्रहरीको झडप

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १ कार्तिक। जनकपुरधामको सोनारपट्टीस्थित ज्वेलर्स पसलमा प्रहरीले गरेको छापामारीपछि व्यापारी र प्रहरीबिच गएराति भएको झडपमा प्रहरी र उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी घाइते भएका छन्। धनतेरशको पूर्वसन्ध्या शुक्रबार जनकपुरधाम उपमहा नगरपालिका-५ स्थित सञ्जय पायल ज्वेलर्समा धनुषा प्रहरीले छापा मार्दा व्यापारी र प्रहरीको झडपमा संघका अध्यक्ष भण्डारी र केही प्रहरी समेत घाइते भएका हुन्। व्यापारीहरूका अनुसार प्रहरीको एकतर्फी कारबाहीका कारण व्यापारी समुदाय आक्रोशित बनेका छन्। झडपपछि जनकपुरधामको मुख्य बजार क्षेत्रमा केहीबेर तनावपूर्ण स्थिति सिर्जना भएको थियो।

संघले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गर्दै जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक (डिएसपी) गणेश बमको नेतृत्वमा आएको प्रहरी टोलीले संघका अध्यक्ष भण्डारीमाथि 'सांघातिक आक्रमण' गरेको आरोप लगाएको छ। संघका अनुसार असोज ३१ गते साँझ करिब ६:१५ बजे डिएसपी बमको टोलीले जनकपुरधाम सञ्जय पायल ज्वेलर्समा जबरजस्ती प्रवेश गरी पसलको तिजोरी तथा काउन्टरमा रहेका चाँदीका गहना लुटपाट शैलीमा लैजान खोजेको थियो। व्यापारीले त्यसविरुद्ध आपत्ति जनाएपछि घटनास्थलमा पुगेका अध्यक्ष भण्डारीले प्रहरी टोलीलाई "सामान लैजानु अघि मुचुल्का गर्न,

**-बाँकी तीन पेजमा**




## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैयासम्म जरिवाना.
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।
- त्यसैले जुवातास नखेलौ-नखेलाऔं, कानूनी कारबाहीबाट बचौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# दलहरूलाई निषेध गर्ने मानसिकता त्याग

प्रधानमन्त्रीले पटकपटक फागुनमा चुनाव गराएर निर्वाचित सरकारलाई सत्ता सुम्पने वाचा दोहोऱ्याई रहे पनि निर्वाचनको वातावरण भने बनिरहेको देखिँदैन। न सरकारका गतिविधिले चुनावको सन्देश दिएको देखिन्छ न राजनीतिक दलहरू नै निर्वाचन उन्मुख भएका छन्। प्रमुख राजनीतिक दलहरू बिस्तारै जुर्मुराउन थाले पनि नेताहरूको आवाजमा अझै परिवर्तनको आत्मसात ध्वनित भएको छैन। उनीहरू सरकारप्रति विश्वस्त हुनुभन्दा बढी सशङ्कित भएको भान हुन्छ। अर्कातिर केही मन्त्री र तिनका निकट देखिनेहरूका अभिव्यक्तिले पनि सन्देह नै बढाउने काम गरेको छ।

प्रधानमन्त्री सुशीला कार्कीले शुक्रवार पनि काठमाडौंस्थित कूटनीतिक नियोगका प्रमुखहरूसँग सामूहिक भेटका क्रममा चुनाव गर्ने प्रतिबद्धता दोहोऱ्याएर अन्तर्राष्ट्रिय समुदायलाई आश्वस्त पार्न खोजिन्। त्यसो त केही दिन पहिले केही जेन-जी आन्दोलनकारीले समेत दलहरूलाई निर्वाचनमा आउन आह्वान गरेका थिए। यसबीच भदौ २३ र २४ गतेको विध्वंसमा सन्दिग्धहरूमाथि प्रहरीले सुरु गरेको कानुनी कारबाही पुनः थालिएको छ। कानुन व्यवस्था पनि अपेक्षाकृत प्रभावकारी हुँदैगएको देखिएको छ। आन्दोलनका नाममा हुनेगरेका अराजकताको मात्रा र गति पनि नियन्त्रित हुँदैगरेको देखिन्छ।

अर्कातिर सरकार निकट भनिने केही व्यक्तिको अभिव्यक्ति तथा उद्दण्ड क्रियाकलाप भने जारी नै छ। पुराना दलका नेताहरूलाई निर्वाचनमा भाग लिनै नदिने भन्ने अभिव्यक्ति तिनले सार्वजनिकरूपमै दिने गरेका छन्। जेन-जी आन्दोलनका नाममा सांघातिक आक्रमणको चपेटामा परेका दलहरू यस्ता अभिव्यक्तिबाट संत्रस्त हुनु आश्चर्यजनक होइन।

त्यसो त दलका नेताहरू विशेषगरी नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद ओली र उनका निकट कार्यकर्ताहरूले पनि असहिष्णु त उत्तेजक अभिव्यक्ति दिनेगरेका छन्। लाग्छ, सत्ता निकट देखिने कुनै तत्त्व र ओलीहरू मुलुकमा कानुन व्यवस्था बहाल गरी शान्तिपूर्णरूपमा स्वतन्त्र वातावरणमा निर्वाचन होस् र नेपालको संविधान पूर्णतः सक्रिय होस् भन्ने चाहँदैनन्। सरकार एकातिर अगिल्लो सरकारले पठाएको राजदूतहरूलाई फर्काउनेजस्ता क्रियाकलापमा लागेर सत्ताको स्वाद फेर्ने चक्करमा देखिएको छ। अर्कातिर, राजनीतिक दलका नेताहरू आआफ्नै दलगत चक्करमा फसेका छन्। दुवै पक्षले आगामी फागुनमा हुने निर्वाचन सफल पार्ने प्रतिज्ञा गरेर निर्वाचनको वातावरण बनाउन प्रतिबद्ध हुनु जरुरी देखिन्छ।

यसका लागि दलहरूले सरकारलाई अप्ठेरो पार्ने रणनीति छाडेर दलको पुनर्गठन र निर्वाचनको तयारीमा समर्पित भएको देखिनुपर्छ। मुठभेड निम्तिने बोली र व्यवहारले अविश्वासको खाडल झन् फराकिलो बनाउनेमात्रै हो। लोकतन्त्र जोगियो भने अन्ततः सहज हुने त राजनीतिक दलहरूलाई नै हो। सरकार र आन्दोलनको नेतृत्व गर्ने वा त्यसमा सरिक हुनेहरू झन् बढी गम्भीर हुनुपर्छ। लोकतन्त्र मास्ने छद्म मनसाय नभए कसैले पनि अहिले राजनीतिक दलहरूविरुद्ध विष बमन गर्नु हुँदैन। राजाहरूले दशकौंसम्म निषेधको रणनीति अपनाउँदा पनि नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टीहरूलाई निस्तेज बनाउन सकेका थिएनन्। इतिहासको यस पाठबाट अहिलेका शासकहरूले पनि शिक्षा लिनु उचित हुनेछ।

### जनकपुरधाममा...

भर्पाइ दिन र कानुनी प्रक्रिया पूरा गर्न" आग्रह गर्दा प्रहरी टोलीले उहाँमाथि लाठी र बुट्ले कुटपिट गरेको संघले दाबी गरेको छ।

कुटपिटबाट अध्यक्ष भण्डारी गम्भीर घाइते भण्डारी प्रादेशिक अस्पताल जनकपुरधाम पुऱ्याइएको थियो। संघले उक्त घटनाको कडा शब्दमा निन्दा गर्दै डिएसपी गणेश बम, प्रहरी निरीक्षक मनोजकुमार यादव लगायत संलग्न प्रहरीकर्मीहरूलाई तत्काल निलम्बन गरी कानुनी कारबाही गर्न माग समेत गरेको छ। प्रेस विज्ञप्तिमा भनिएको छ, "व्यापारीको सम्पत्ति जबरजस्ती लुटपाट शैलीमा लैजान खोज्ने प्रहरीको कार्य निन्दनीय छ। यस घटनाले जनकपुरधामका व्यापारीहरूमा भय र असुरक्षा उत्पन्न भएको छ।" संघले दोषीमाथि तत्काल कारबाही नभए कडा आन्दोलनमा उत्रिने चेतावनी समेत दिएको छ।

यता प्रहरी नायब उपरीक्षक ( डीएसपी) बमका अनुसार सञ्जय पायल ज्वेलर्समा छापा मार्ने क्रममा प्रहरीले करिब सात किलो चाँदी बरामद गरेको थियो। बरामद गरिएको चाँदीको मुचुल्का गर्न प्रहरी पक्षले सुनचाँदी व्यवसायी संघका प्रतिनिधिहरूलाई समेत बोलाएको थियो र व्यवसायी संघका पदाधिकारीहरूले सहयोग पनि गरिरहेका थिए।

# मान्छे र कुकुर : ३० हजार वर्षदेखिका साथी

**विकास बस्नेत**

पहिलो साथी : होमरको काव्य 'ओडिसी' मा ओडिसियसको बफादार कुकुर छ- आर्गोस। आर्गोसलाई छाडेर ओडिसियस ट्रोजन युद्धका लागि प्रस्थान गर्छ। आर्गोस अविचलित भएर ओडिसियस फर्कने प्रतीक्षा गरिरहन्छ। तर, ओडिसियस फिर्ने २० वर्ष लाग्छ। शत्रुबाट जोगिन ओडिसियस भेष बदलेर आएको हुन्छ। देख्नेबित्तिकै आर्गोसले चिन्छ। बुढ्यौलीले जीर्ण भएको आर्गोस साथी देखेर उठ्न खोज्छ तर सक्दैन। उसले परैबाट पुच्छर हल्लाउँछ, गहभरि आँसु पार्छ र प्राण त्याग गर्छ। कुकुर-मान्छेको गहिरो मित्रतामाथि यस्ता कथा/मिथक नभएको मानव संस्कृति विरलै पाइएला।

यस धरतीमा मान्छेको सबैभन्दा पुरानो मित्र हो- कुकुर। अध्येताहरू भन्छन्- यो मित्रता कम्तीमा पनि ३० हजार वर्ष पुरानो हो। तर, आरम्भमा हामी दुवै पृथक् थियौं। ऊ थियो एक आक्रामक ब्वाँसो। हामी स-साना झुन्डमा धरतीको केही कुनाकाप्चामा डुलिहिँड्ने फिरन्ते सिकारी मात्रै थियौं। यो त्यही सहयात्राको बिन्दु थियो, जसले कालान्तरमा हामी दुवैको कायाकल्प गरिदियो। हामी आधुनिक मानव बन्यौं र जंगलको ब्वाँसो घरको कुकुर बन्यो। सहयात्राको यो कथा मिथक, पुरातत्त्व, जीवाष्मादेखि आनुवंशिक प्रमाणहरूमा अभिलिखित छ।

सोभे गुफामा फेला परेको एक बालक र ब्वाँसो-कुकुर (आदिम कुकुर) को पाइतालाको डोब खिपिएको छ। करिब १५० गज लामो उक्त ट्रेलमा पाइतालाका डोबहरू एकसाथ छन्, अघिपछि होइन। अर्थात् मान्छे र कुकुर एकसाथ छन्। ती मित्र हुन्, दुस्मन होइनन्। यो मान्छे-कुकुर सहयात्राको दुर्लभ 'स्न्यापसट' हो। यो पदचिह्न करिब २६ हजार वर्ष पुरानो हो। यस्ता आदिम कुकुरका थुप्रै पुरातात्त्विक प्रमाण छन्। तर, १५ हजार वर्षयता भने ब्वाँसो पूर्ण रूपमै कुकुरमा कायाकल्प भएको अकाट्य प्रमाणहरू भेटिन्छन्।

**सर्भाइभल फर द फ्रेन्डिएस्ट**

उद्विकासलाई हामी 'सर्भाइभल फर फिटेस्ट' भनेर बुझ्छौं। तर, उद्विकासमा सधैं बलियो मात्रै टिक्ने र बाँच्ने भन्ने हुँदैन। कहिलेकाहीँ उद्विकासले सहकार्य, सामाजिकता र समानुभूतिजस्ता गुणहरूलाई 'फेवर' गर्छ। यस्ता चरित्र र व्यवहार देखाउने प्राणीलाई कुनै निश्चित पर्यावरणमा बाँच्न र वंश विस्तार गर्न सहज हुन्छ। केही विज्ञहरूले यसलाई 'सर्भाइभल फर द फ्रेन्डलिएस्ट' भनेका छन्। मान्छे र ब्वाँसोको अन्तरप्रजातीय सहकार्य यसैको नमुना हो। किनभने मान्छे र ब्वाँसोजस्ता दुई पृथक् प्रजाति सहकार्यका लागि उपयुक्त जोडा होइनन्, एकअर्काका प्रतिस्पर्धी हुन्। तर दुई प्राणीहरू संघर्ष होइन, मित्रवत् र सामाजिक व्यवहारसँगै नजिकिएका हुन्। यसको पहलकदमी कसले लियो भन्ने प्रस्ट छैन। तर, समूहका सबैभन्दा सामाजिक, अलि नरम र लयालु ब्वाँसोहरू नै मान्छेको सानिध्यता खोज्दै बस्तीछेउ आइपुगे होलान्। मानव शिविर छेउछाउमा जुठेल्नोको रहलपहल खानाले उसलाई तान्यो होला।

मान्छेमध्ये पनि ब्वाँसोप्रति सहिष्णु समूहले उसलाई आक्रमण गरिहालेन। यो 'क्याजुअल डेटिङ' बिस्तारै पारस्परिक उपयोगिताको सम्बन्धमा अघि बढ्यो। दुवै एकअर्काका लागि उपयोगी बने। यही क्रमसँगै हजारौं वर्षमा दुवैले एकअर्कालाई 'सेलेक्टिभ ब्रिडिङ' गर्दै यो स्वरूपमा ल्याइपुऱ्याए। यस क्रममा मान्छेले ब्वाँसोको स्वरूप र व्यवहारमा नाटकीय परिवर्तन गरिदियो। आफ्नो



पूर्वजभन्दा ऊ मान्छेप्रति सहिष्णु र मित्रवत् बन्यो।

योसँगै ब्वाँसोको शरीर र व्यवहारमा परिवर्तन आयो। उसको शरीरको भुत्लाको रङमा विविधता छायो। कान लामो र लुलो भयो। पुच्छर बाटुलो भयो, डोलाउन थाल्यो। केही पुस्ताभित्रै आफ्ना आक्रामक पुर्खाभन्दा ऊ मान्छेप्रति बफादार, घनिष्ठ र मायालु बन्न थाल्यो। घरेलुकरणका क्रममा उसको आकार र व्यवहार मात्रै परिवर्तन भएन, मनोविज्ञान पनि बदलियो। कुकुरले मान्छेको मुहारको भाव बुझ्न सक्ने भयो, आँखाको इसारा पनि पढ्न सक्ने भयो, साथीको ढुकढुकी बुझेर व्यवहार गर्न सक्ने भयो। र, ऊ मान्छेको साथ छोड्नै नसक्ने भयो।

यस क्रममा कुकुर मात्रै बदलिएन, हामी पनि बदलियौं। उसले पनि आफूअनुकूल हुने गरी हाम्रो शरीर र व्यवहारलाई 'कस्टमाइज' गरिदियो। फिरन्ते सिकारीको सानो झुन्डमा हिँड्ने मान्छेलाई उसले सिकार कर्ममा दह्रो साथ दियो। यो कति महत्त्वपूर्ण थियो भन्ने बुझ्न एउटा उदाहरण हेरौं- अहिले पनि अल्पाइन क्षेत्रका फिरन्ते सिकारी समूहमध्ये साथमा कुकुर नहुनेको तुलनामा कुकुर हुने समूहको सिकार सफलता दर ५६ प्रतिशतले बढी देखिन्छ। त्यो युगमा कुनै पनि मानव समूह बाँच्नका लागि यो असाध्यै महत्त्वपूर्ण पक्ष थियो। त्यसैले चाहेर वा नचाहेरै पनि कुकुरप्रति सहिष्णु हुनुको विकल्प थिएन।

यसले मान्छेको स्वभाव, व्यवहार र मनोविज्ञान परिवर्तन गरिदियो। उसमा सहानुभूति/समानुभूति झन् सघन हुन थाल्यो। सहकार्य र सामूहिकताका लागि अग्रसरता बढ्यो। उसले मित्रतामा विश्वास गर्न थाल्यो। यो गुण भएको मान्छेले मात्रै कुकुरसँग सम्बन्ध राख्न सक्यो। जसले कुकुरसँगको सम्बन्ध बलियो राख्यो, उसको जीवन सहज भयो। यसरी सहयात्राको यो लामो दौरानमा दुवैले एकअर्काको तन र मनलाई आ-आफ्नो अनुकूलमा परिवर्तन गरिदिए।

अझ भनौं, मान्छेले कुकुरलाई र कुकुरले मान्छेलाई एकसाथ 'डोमेस्टिकेट' गरिदिए। मान्छेले निर्माण गरेको सभ्यताको जगमा यो घटनाले ईँटा थपिदियो। हिउँले ढाकेको त्यो दुनियाँमा खाना सधैं सहज थिएन। यस्तै आपत्मा मान्छेले कुकुरलाई नै आफ्नो आहारा बनायो। आफ्नो नजिक पशुलाई आश्रय दिने हो भने आपत्कालमा छाक टार्न सजिलो हुनेरहेछ भन्ने उसले बुझ्यो। हुन सक्छ, पशुपालन र कृषि कर्म गर्ने मानव पुर्खाको सोचको भ्रूण यही थियो। भन्नै पर्दैन कृषि क्रान्ति मानव सभ्यताको जग थियो।

मिथकले पनि भन्छ- रोम सहर रोमुलस र रेमस नामका दुई जुम्ल्याहाले बसाए। दुवैको हत्या गर्ने हेतुले शैशवकालमा तिनलाई टाइबर नदीमा फालिएको थियो। तर, संयोगले उनीहरू दुवै बाँचे। तिनलाई आफ्नो स्तनपान गराएर बचाएकी थिइन्- एक स्त्री ब्वाँसोले। तर, रोमुलस र रेमसलाई स्तनपान गराएका जे-जति प्रतिमा, आकृति र मूर्तिहरू छन्, तिनमा कुँदिएका स्त्री ब्वाँसो निःसन्देह कुकुर नै हो।

छोटो थुतुनो, लयालु कान र सानो टाउकोले यसकै पुष्टि गर्छ। मिथक इतिहासको धूवाँ हो। यो धूवाँ सभ्यता र संस्कृतिको जगमा उभिएको साथको इतिहासबाट उठेको हो। यो लामो सहयात्राका क्रममा कुकुर हाम्रो बस्तीको खबरदारी बन्यो, सिकारको साथी बन्यो, भेडी गोठको गोठालो बन्यो, बालबालिकाको अभिभावक बन्यो, घरको पहरेदार बन्यो।

संसारमा कुनै त्यस्तो मानव समुदाय रहेन, जसले कुकुरको यो साथ नपाएको होस्। करिब २० हजार वर्षअगाडि बेरिङ स्ट्रेट भनिने प्राकृतिक साँघु पार गरेर मान्छेको एक बगाल अमेरिका लाग्यो र हिमयुग सकियो। प्राकृतिक साँघु पानीमा पुरियो। २० हजार वर्षपछि यी दुई समूहका सन्तानहरूको एकआपसमा भेट भयो। यसबखत यी दुवै समूहसँग साझा घरेलु जनावर कुकुर मात्रै थियो। यो लोकभरि कुकुरले साथ नदिएको स्थान र मानव जीवन रहेन।

**साथ परलोकसम्म**

महाभारत युद्ध सकिएपछि युधिष्ठिर आफ्ना भाइ र पत्नीसहित स्वर्ग हिँडे। बाटोमा उनीहरूलाई एउटा कुकुरले पछ्यायो। युधिष्ठिर र कुकुरबाहेक बाँकी बाटैमा अस्ताए। इन्द्र रथ लिएर युधिष्ठिरलाइ स्वागत गर्न स्वर्गको द्वारमा आए। युधिष्ठिरले कुकुरलाई पनि साथै लैजान खोजे तर इन्द्रले मानेनन्। तर, युधिष्ठिरले कुनै पनि हालतमा कुकुरलाई नछाड्ने दोहोऱ्याए। कुकुरको भेषमा धर्मराज थिए। उनी युधिष्ठिरको धर्मको परीक्षा लिन आएका थिए। रहँदा-बस्दा कुकुरसँग मान्छेको साथ यति प्रगाढ भयो कि उसले यो लोकमा मात्रै होइन, परलोकमा पनि कुकुरको साथ खोज्यो।

जोर्डन उपत्यकामा फेला परेको करिब १२ हजार वर्ष पुरानो चिहानमा मान्छेसँगै एक छाउरोको अस्थिपञ्जर फेला परेको छ। यो कालखण्डमा उत्तरी युरोपदेखि एसिया, अमेरिकाका थुप्रै मानव चिहानहरूमा कुकुरको अस्थिपञ्जर फेला परेका छन्। इजिप्टका पिरामिडहरूमा मृतकको साथमा कुकुर राखिएको छ।

मान्छेका चिहानहरूमा अन्य जनावरको पनि अवशेष फेला नपरेका होइनन्। तर, कुकुरबाहेकका जनावरको कुनै खास अंग मात्रै प्रतीकात्मक र सांकेतिक रूपमा मात्रै गाडिएका छन्। मृत्यु संस्कारमा कुकुरको साथ तथा प्रागैतिहासिक चिहानहरूमा कुकुरको सग्लो शरीरको व्यापक उपस्थिति संयोग मात्रै होइन। निःसन्देह रूपमा मान्छेले परलोकमा समेत परम मित्रको साथ चाहेको हो। लामो कालखण्डमा मान्छे सामाजिक, सांस्कृतिक र धार्मिक प्राणीमा बदलियो। अझ भनौं, ऊ 'होमो स्यापियन्स' बाट 'होमो रिलिजियस' बन्न पुग्यो।

यसको सपाट जवाफ र एउटै कारण नहोला। तर, मृत्युजस्तो अकाट्य सत्यबाट बिस्मित मान्छेको मृत्युचिन्तन धेरै कारणमध्ये एक हुन सक्छ। यो चिन्तनको कारण र केन्द्रमा समेत मान्छे र कुकुरको साथ देखिन्छ।

-बाँकी अन्तिम पेजमा

## Siraha Municipality

**Office of Municipal Executive**

**Notice of Invitation for Bids**

Issued on: 19-oct-2025

| S.No. | Invitation for bids no: | Name of the project | cost of bid document | Bid security amount | Bid validity period |
|---|---|---|---|---|---|
| 1 | SQ-SM-02-082/83 | Procurement of computer and printer for Siraha municipality | 1000 | 45000 | 45 days |

| | |
|---|---|
| Deadline for purchase of Bid Document | 03-nov-2025 12:00 pm |
| Deadline for bid submission | 03-nov-2025 12:00 pm |
| Date Time and Place for Bid Opening | 03-nov-2025 13:00 pm at Siraha municipality office |
| Account no. For Bid Document Purchase | Name of Bank: Rastriya Banijjya Bank<br>Name of Office: Siraha Nagarpalika<br>Account no: 2130100301010007<br>office code: 16-365-21 |
| Account Number for Bid Security Deposit | Name of Bank: Rastriya Banijjya Bank<br>Name of Office: Siraha Nagarpalika<br>Account no: 2130100303000007 |

Bidders have to submit their bid electronically through e-GP system of PPMO website www.bolpatra.gov.np/egp as specified in the instruction to bidders. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.


## चन्द्रनिगाहपुर प्रहरी भवन स्थानीयको सहयोगमा पुनःनिर्माण, प्रहरीलाई हस्तान्तरण

रौतहट, १ कार्तिक। गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट पूर्ण रूपमा क्षति भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको भवन स्थानीयवासीको सक्रिय सहयोगमा पुनःनिर्माण भई औपचारिक रूपमा प्रहरीलाई हस्तान्तरण गरिएको छ। शनिबार एक विशेष कार्यक्रमका बिच भवन हस्तान्तरण गरियो। कार्यक्रमकी प्रमुख अतिथि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रमुख डीएसपी रुपा लाबुङले भवन पुनःनिर्माणमा सहयोग गर्ने सम्पूर्ण दाताहरूप्रति आभार व्यक्त गरिन्। उनले यो भवन समुदायको सुरक्षा र सहअस्तित्वको प्रतीक भएको बताइन्। पुनःनिर्माणमा सक्रिय रुपेश जैसवालले खर्च विवरण सार्वजनिक गर्दै नगद ७ लाख २८ हजार ४५१ सहित करिब ४ लाख बराबरको जिन्सी सामग्री सहयोग प्राप्त भएको जानकारी दिए। निर्माणमा खर्च कटाएर चन्दा संकलन पश्चात पनि २ लाख ५२ हजार तिर्न बाँकी रहेको उनले बताए। स्थानीय समाजसेवी तेज विक्रम कार्कीले भवन पुनःनिर्माणलाई नागरिक र सुरक्षाकर्मीबीचको विश्वास र सहकार्यको उदाहरणको रूपमा लिए। निर्माणमा सक्रिय योगदान पुऱ्याउने सज्जय कार्की, हर्क मोक्तान, रुपेश जैसवाल र बलराम भण्डारीलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो। इलाका प्रहरी कार्यालयले अब पुनःनिर्मित भवनबाट नियमित सेवा सञ्चालन गर्ने जनाएको छ।

# मधेशका उपभोक्ता समितिबाट एक तिहाइ 'घुस'

### मधेशका विभिन्न आठवटा साना विकासे योजनामाथि अनुसन्धान गर्दा त्यसमा पूर्वराज्यमन्त्री एवं बहालवाला सांसद संलग्न भएको र बजेटकै एक तिहाइ घुस लिएको विवरण भेटियो। थप ७१ वटा उपभोक्ता समिति अनुसन्धानको दायरामा छन्।

**कृष्ण ज्ञवाली**

काठमाडौं, ३१ असोज। मधेश प्रदेशका उपभोक्ता समितिमार्फत हुने विकास निर्माणको काममा एक तिहाइसम्म घुस लेनदेन हुने गरेको भेटिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आठवटा उपभोक्ता समितिको हिसाबकिताब र कारोबारको परीक्षण गर्दा विकास बजेटको एक तिहाइ हिस्सा सोझै घुसको रुपमा प्रवाह हुने गरेको भेटिएको हो।

उपभोक्ता समितिहरुसँग खुलमखुला घुस लिने मधेशको प्रदेशसभाका सांसद सरोजकुमार सिंह विरुद्ध ३८ लाख रुपैयाँ घुस लिएको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। सिंहको सहजीकरणमा गठन भएको र उनले नै बजेट मिलाइदिएको आठ वटा उपभोक्ता समितिबाट मात्रै त्यति घुस संकलन भएको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अरु ७१ वटा उपभोक्ता समितिका कामकारबाहीमाथि अनुसन्धान सुरु गरेको हो।

अख्तियारले आरोपपत्रमा भनेको छ, 'प्रतिवादीको बैंक खाताहरूमा उजुरीमा उल्लेख भएका बाहेक अन्य उपभोक्ता समितिहरूको खाताबाट समेत रकम जम्मा भएको देखिएको छ। त्यसतर्फ अनुसन्धान सुरु भएको छ।'

**३० प्रतिशत घुस सांसदलाई**

मधेश प्रदेशको कञ्चनियमाई मन्दिर निर्माणका लागि उपभोक्ता समितिमा ६ लाख ५ हजार रुपैंया विनियोजन भएको थियो। भोलिपल्ट नै प्रदेश सांसद सरोजकुमार सिंहले १ लाख ५१ हजार र उनका स्वकीय सचिव विनोदलाल कायस्थले ४ लाख ५४ हजार आफ्नो नाममा निकालेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। 'त्यहाँका केही योजनाहरू हेर्दा एक तिहाई रकम घुस वापत योजना मिलाइदिने मान्छेलाई नै दिनुपर्ने बाध्यता देखियो,' अख्तियार सम्बद्ध स्रोतले भन्यो, 'त्यसमा प्राविधिक, भुक्तानी दिने कर्मचारी र अरूले लिने रकमको हिस्सा हेर्दा विकास बजेटमा ठूलो समस्या देखिन्छ।'

मधेश प्रदेशका आन्तरिक मामिला तथा कानुन राज्यमन्त्री भइसकेका सिंह जोडिएको घुसकाण्डले उपभोक्ता समितिमार्फत् हुने घुसखोरी र अनियमिततालाई सतहमा ल्याएको भन्दै उनले अरू थप ७१ वटा फाइलको अध्ययनपछि थप विवरण थाहा हुने बताए।

अधुरो कमलामाई मन्दिर निर्माणमा ९ लाख ३१ हजार रुपैयाँ विनियोजन भएकोमा २ करोड १४ लाख रुपैयाँ घुस बापत सांसद सिंहको खातामा जम्मा भएको छ। धर्मशाला निर्माणमा १४ लाख ५५ हजार छुट्याइएकोमा एक लाख ८५ हजार घुस छुट्याएको देखिन्छ।

अख्तियारले सबै आठवटा योजनामा २८ दशमलव २५ प्रतिशत घुस छुट्याइएको र त्यो रकम सांसद सिंह, उनकी पत्नीको संयुक्त खाता र उनका पीए विनोद कायस्थको खातामा जम्मा भएको दाबी गरेको हो।

महरा सिस्वा–४ मा अधुरो बर्थिङ सेन्टर निर्माण गर्दा उनीहरूले ४ लाख ५८ हजार रुपैयाँ कमिसन लिएको अख्तियारको दाबी छ। अर्को बर्थिङ सेन्टर निर्माणमा आउने २४ हजार रुपैयाँ कमिसन समेत उनीहरूले छाडेका छैनन्। मन्दिर निर्माण, सडक मर्मत र बर्थिङ सेन्टर(स्वास्थ्य चौकीको स्तरोन्नति) जस्ता सामाजिक तथा धार्मिक कामबाट समेत उनीहरूले आफ्नो खातामा कमिसन लिएको देखिन्छ।

**शंकास्पद १२ करोड**

अख्तियारको दाबी अनुसार, २०७४ सालदेखि ८२ सालसम्म सरोजकुमार सिंहको खातामा करिब पाँच करोड रुपैयाँ जम्मा भएको छ भने उनले ७४ हजार बाँकी राखेर सबैजसो पैसा निकालेका छन्। उनकी पत्नी सरिता कुमारी महतोको खातामा २०७५ सालदेखि अहिलेसम्म २ करोड ३० लाख जम्मा भएको छ।

दुवैको संयुक्त नाममा खोलिएको तेस्रो खातामा २०७९ सालदेखि तीन वर्षको अवधिमा मात्रै चार लाख ६० हजार बचत भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। यसमा उनका स्वकीय सचिव विनोद कायस्थको खातामा भएको रकमको हिसाब समावेश छैन। बजेट विनियोजन र उपभोक्ता समिति गठनमा व्यापक अनियमितता भएको भनी उजुरी परेपछि प्रारम्भिक रुपमा केही फाइल अध्ययन गर्दा अख्तियारले उनीहरूले ठूलो मात्रामा कमिसन बापत घुस लिने गरेको भेटेको हो। अख्तियारले शंकास्पद १२ करोड रुपैयाँको कारोबारको स्रोत नखुलेको भन्दै बाँकी ७१ वटा उपभोक्ता समितिको कारोबारमाथि अनुसन्धान अघि बढेको जनाएको छ।

**पीएको घरमा खातापाता**

प्रदेश सांसद सरोजकुमार सिंहले विकास निर्माणका योजना मिलाउँदा घुस खाएको उजुरी परेपछि अख्तियारले उनका स्वकीय सचिव (पीए) विनोदकुमार लाल कायस्थको घरमा छापा मारेको थियो। उनको शरीर तथा घर खानतलासी गर्दा सांसद सिंहले कमिसन लिएको विवरण र बैंकमा डिपोजिट गरिएको भौचरहरू फेला परेको हो। नहर मर्मतदेखि ग्राभेल र धर्मशाला निर्माणमा समेत कमिसन लिएको भेटिएपछि अख्तियारले खातासम्बन्धी थप विवरण खोजेको थियो। त्यसक्रममा उपभोक्ता समितिका पदाधिकारीहरूले खोल्नुपर्ने बैंक खाता नै कायस्थले खोलिदिएको भेटिएको थियो।

कतिपय कमिसन उनले आफैंले नगद लिएर बैंकमा डिपोजिट गरेको भेटिएको छ। बैंक खातामा आएको रकम सांसद सिंहले पाटनढोका, जनकपुर र भारतमा पुगेर एटीएमबाट निकालेको फेला परेको छ।

**राष्ट्र बैंकले दिएको सूचना...**

अख्तियारले तयार पारेको अनुसन्धान प्रतिवेदन अनुसार, ५ जेठ, २०८२ मा शंकास्पद कारोबार देखिएको भनी तयार पारेको प्रतिवेदन (एसटीआर)का आधारमा अख्तियारले अनुसन्धानको काम अघि बढाएको थियो।

त्यतिबेला राष्ट्रबैंकको वित्तीय जानकारी ईकाई (एफआइयु)ले '११ वटा उपभोक्ता समितिहरू मध्ये ८ वटा उपभोक्ता समितिहरूको खाताबाट सरोज कुमार सिंह/सरिता कुमारी महतो सिंहको संयुक्त खातामा रकम देखिन्छ,' भनी त्यस्तो कारोबारलाई शंकास्पद भनेको थियो। त्यसको भोलिपल्ट मात्रै मधेश प्रदेशका सांसद सिंहले विभिन्न निर्माण तथा मर्मतसम्भारका काम जोडिएका उपभोक्ता समितिबाट कमिसन बुझ्ने गरेको र त्यो रकम खातामै जम्मा हुने गरेको भनी अख्तियारमा उजुरी परेको थियो, त्यसपछि मात्रै अनुसन्धान अघि बढेको हो। अख्तियारको दाबी अनुसार, मधेश प्रदेशको रामगोपालपुर, मनराशीसवा र सम्सी क्षेत्रमा गठन भएको उपभोक्ता समितिहरूमा यस्तो समस्या ज्यादा देखिएको थियो।

**सिंह सबैमा संलग्न**

योजना छनौटदेखि त्यसमा बजेट विनियोजन र उपभोक्ता समितिको पदाधिकारी चयनसम्मको काममा सांसद सरोजकुमार सिंह प्रत्यक्ष संलग्न रहेको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

अख्तियारले उनकै निर्देशनमा उपभोक्ता समितिहरू गठन भएको भन्दै आरोपपत्रमा भनेको छ, 'उनले उपभोक्ता समिति गठनमा स्थानीय सर्वसाधारणलाई सहभागी गराएनन्। आफू अनुकूलका मानिसहरू खोजे अनि समिति गठन गरे।' स्थानीय तहका विकास निर्माणका काममा उपभोक्ता समिति गठन गर्ने र माइन्युट लेख्ने काममा उनका स्वकीय सचिव विनोदकुमार लाल कायस्थ प्रत्यक्ष संलग्न थिए।

उपभोक्ता समितिका प्रायजसो खातामा जम्मा भएको भोलिपल्ट रकम निकालेको भेटिएको छ। २२ पुस, २०८० मा राखेको रकम भोलिपल्ट निकालेको थियो, अरु खाताहरूमा पनि त्यस्तै अभ्यास छ। सबै गरेर एक करोड ३६ लाख रुपैयाँ उपभोक्ता समितिको खातामा प्रवाह भएकोमा विनोद कुमार कायस्थको खातामा ९७ लाख ७४ हजार र सरोज कुमार सिंह दम्पतीको खातामा ३८ लाख ५० हजार भुक्तानी भएको थियो।

अख्तियारले सांसद सिंह, विभिन्न आठ उपभोक्ता समितिका अध्यक्ष र कोषाध्यक्षमाथि भ्रष्टाचार मुद्दा चलाएपनि उनकी पत्नी सरिता कुमारी महतोलाई भने मुद्दा चलाएन। संयुक्त खातामा आउने रकमबारे आफूलाई थाहै नहुने र बैंकको काम सबै पतिले गरेको' भनेर बयान दिएपछि उनले मुद्दाबाट सहुलियत पाएकी हुन्। अनुसन्धानमा सहयोग गरेको भन्दै अख्तियारले सिंहका स्वकीय सचिव विनोदकुमार कायस्थलाई पनि मुद्दा नचलाई साक्षी बनाएर विशेष अदालतमा पेश गरेको छ।

**म्यासेजबाटै घुसको रेट**

अख्तियारले प्रदेश सांसद सिंह, उनका पीए कायस्थ लगायतको मोबाइल नियन्त्रणमा लिएर अनुसन्धान गरेको थियो। मोबाइल परीक्षणपछि प्राप्त डिजिटल फरेन्सिक युनिटको प्रतिवेदन अनुसार, प्रतिशतका हिसाबले नै रकम मागेका प्रमाणहरू भेटिएका छन्।

कुनै बेला बढी र कुनैमा कम दर तोकिएपनि औसतमा कूल बजेटको ३० प्रतिशत हिस्सा सांसद सिंहलाई घुसका रूपमा भुक्तानी भएको अख्तियारको दाबी छ। तर उपभोक्ता समितिका पदाधिकारीहरूले भने सरकारी बजेट प्रणालीबाट भुक्तानी हुन ढिला भएकाले सांसद सिंहले आफूहरूलाई विकास निर्माणको काम गर्न सापट दिएको र पछि खाताबाट त्यही रकम उनको खातामा भुक्तानी गरेको दाबी गरेका थिए। सरकारी कोषबाट रकम भुक्तानी हुनुभन्दा पहिले नै उनले उपभोक्ता समितिका पदाधिकारीहरूबाट रित्तो चेक हस्ताक्षर गराएर लिने गरेको भेटिएको छ। अख्तियारले आरोपपत्रमा भनेको छ, 'योजना लिने, त्यसबाट पेटी ठेक्का लिएर ठेकेदारबाट काम गराउने र कम लागतमा काम गराएर रकम कमिसनमा लिने गरेको भेटिएको छ।'

**'सबैतिर भैं मधेशमा पनि समस्या छ'**

मधेशको बहुआयामिक मामिलाबारे कलम चलाउने पत्रकार चन्द्रकिशोर जनताको निगरानीमा सञ्चालित हुनुपर्ने उपभोक्ता समितिहरु दलीय हस्तक्षेप र सिण्डिकेटले थिलोथिलो भएको बताउँछन्। मुलुकको अरू क्षेत्रतिर जस्तै मधेशमा पनि विकास निर्माणका काममा भ्रष्टाचारको समस्या रहेको बताउने उनी 'प्रश्न गर्ने मानिसहरूलाई किनिदिने र खुलमखुला बदमासी गर्ने प्रवृति बढेको' बताउँछन्।

## मान्छे र कुकुर ...

धार्मिक अनुष्ठानदेखि कर्मकाण्डसम्ममा कुकुर अभिन्न अंग बन्यो। खासगरी हरेकजसो संस्कृतिमा ऊ परलोकमा पनि मान्छेको साथै छ। कतै यो लोक र परलोकबीचको सेतु बनेको छ। ग्रीसको हेलेन संस्कृतिमा हेइडिज पाताललोकका देव हुन्।

उनका द्वारपालमा दुइटा कुकुर छन्। हर्कुलसले उसैलाई कजाएको कथा छ। अमेरिकी आदिवासीहरूमा कुकुरलाई मानवको मित्र र आत्माको रक्षक मानिन्छ। उता मिश्रकी देवी अनुबिसको शिर नै कुकुरको छ। उनी पाताललोककी संरक्षक हुन्। मृत शरीरलाई 'ममी' बनाएर लामो समयसम्म सग्लै राख्ने विद्याकी पनि देवी हुन् उनी। ग्रीस मात्रै होइन, युरेसियाको भूगोलमा पनि पाताललोकको द्वारपाल कुकुर भएकज्ञा मिथकहरू छन्। चीनदेखि बेलायतसम्मको भूगोलका कांस्ययुगका थुप्रै चिहानहरूमा कुकुरलाई घरको पश्चिम द्वारछेउ गाडिएको परम्परा भेटिएका छन्। पश्चिम घाम अस्ताउने दिशा हो। यसलाई परलोकको द्वार मानिन्छ। यहाँ पनि कुकुर जीवन र मृत्युको दोसाँधको द्वारपाल भएको छ। भारोपेली संस्कृतिमा पनि यो विश्वासको व्यापकता छ। ऋग्वेदअनुसार, यमराजका दुई प्रमुख दूत श्याम र सबल कुकुर हुन्। उनीहरू मान्छेको आत्मालाई परलोकसम्म लैजाने काम गर्छन्। यमपञ्चकको तेस्रो दिन उसैलाई सम्झेर कुकुरको पूजा गरिन्छ। साथै आफ्नो परम मित्रप्रति यो कृतज्ञता प्रकट पनि हो। फारसीहरूको ग्रन्थ 'अवेस्ता' ले पनि कुकुरलाई भगवान् यमसँग जोड्छ। अवेस्तानी संस्कृतिले कुकुरलाई मान्छेपछिको दोस्रो विवेकशील प्राणी ठान्छ। अवेस्तानी विधिअनुसार गरिने मृत्यु संस्कारमा मान्छे अनुपस्थित भए उसको स्थानमा कुकुर राख्न सकिन्छ।

**अजम्मरी साथ**

आकाशमा घाम र जुनपछिको अर्को चम्किलो खगोलीय पिण्ड हो– साइरस अर्थात् ब्याध तारा। यसलाई डगस्टार पनि भनिन्छ। ग्रीक मिथकअनुसार, साइरस आफ्नो मालिक ओरियनप्रति बफादार थियो। एक दिन बिच्छीले टोकेर ओरियनको देहान्त भयो। उसलाई थपक्क टिपेर आकाशमा टाँसियो। ऊ आकाशमा ओरियन (कालपुरुष) नक्षत्र बन्यो। साइरसले मालिकलाई पछ्याउन छाडेन। यो देखेर सिकारकी देवी आर्तेमिसलाई साइरसप्रति दया लाग्यो (उनकै प्रतिमाहरूमा उनी सधैं कुकुर देखिन्छिन्)। उनैले साइरसलाई पनि आकाशमा उसको मालिकसँगै राखिदिइन्। ऊ तारा भएर चम्किरह्यो। यी तारा र नक्षत्रझैं यो अजम्मरी साथ हजारौं वर्षदेखि चम्किरहेकै छ।कापुबाट

# बारा र पर्सामा लक्षित जनसंख्याको ७१ प्रतिशतले हैजाविरुद्धको खोप लिए

बारा, १ कार्तिक। बारा र पर्सामा कुल जनसंख्याको ७१ प्रतिशतलाई हैजाविरुद्धको खोप खुवाएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। स्वास्थ्य सेवा विभाग अन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार बारा र पर्सा दुवै जिल्लाको १० लाख १८ हजार ६० लक्षित जनसंख्यामध्ये सात लाख २३ हजार आठ सय ३६ जनाले खोप लिइसकेका हुन्। खोप शाखाले उपलब्ध गराएको विवरण अनुसार हैजा रोगविरुद्धको खोप अभियानको प्रारम्भिक तथ्याङ्कमा पर्सामा अभियान शुरू भएको छैटौं दिनमा चार लाख ५६ हजार सात सय ७८ जनाले खोप लिइसकेका छन्। पर्सामा लक्षित जनसंख्या ६ लाख ५२ हजार एक




सय २९ जना छ।

यसैगरी बारामा तीन लाख ६५ हजार नौ सय ३१ लक्षित जनसंख्यामध्ये दुई लाख ६७ हजार ५८ जनाले खोप लिइसकेका छन्। हैजा महामारीको प्रतिकार्य स्वरूप पर्साका सबै पालिकामा असोज २६ गतेदेखि र पर्सासँग सिमाना जोडिएका बाराका ६ वटा पालिकामा असोज २७ गतेदेखि हैजाविरुद्धको खोप अभियान चलिरहेको हो। खोप अभियान भोलिसम्म चल्ने डा. गौतमले जानकारी दिनुभयो।

# झाँझ खोलामा डुबेर दुई बालकको मृत्यु

रौतहट, १ कार्तिक। रौतहटको गरुडा नगरपालिका–५ शिवनगर स्थित झाँझ खोलामा डुबेर दुई बालकको मृत्यु भएको छ। शनिबार दिउँसो खोलामा नुहाउन गएका देवाही गोनाही नगरपालिका–३ घर भई हाल शिवनगर बस्ने सञ्जीव साहका १० वर्षीय छोरा नीरज साह र सञ्जीवका दाइ राजकिशोर साहका १० वर्षीय छोरा अर्जुन साहको डुबेर मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय रौतहटले बालकहरू नुहाउने क्रममा खोलाको गहिरो भागमा पुगेपछि डुबेको जनाएको छ। स्थानीयवासीले तत्काल उद्धार गरी शिवनगरस्थित सञ्जीवनी अस्पताल पुऱ्याए पनि चिकित्सकले दुवैलाई मृत घोषणा गरेका थिए। प्रहरीका अनुसार दुवै बालकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाउने तयारी भइरहेको छ।

## अपहरण तथा....

दुवै जनालाई सुन्धाराको होटेल न्यू जोमसोमको कोठा नं ६ मा बन्धक बनाएर पीडितसँग रु २० लाख फिरौती मागेको सूचनाका आधार शुक्रबार पक्राउ गरिएको प्रहरीले जनाएको छ। जिल्ला अदालत काठमाडौंबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताए। उनीहरूका साथबाट विभिन्न कम्पनीका चार थान मोबाइलसमेत बरामद गरिएको छ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १३३०००१६८८ | सरस्वती कुमारी महतो | लाहान, २३ सिराहा |
| २ | GLI ०३३००००५२४ | रेना चौधरी | शम्भुनाथ, ०९ सप्तरी |





कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सिरहा
मधेश प्रदेश, नेपाल




नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल

**स्क्रब टाइफस (Scrub Typhus)**

स्कब टाइफस एक किसिमको सरुवा रोग हो । यो रोग लाग्ने किर्ना जस्तो देखिने किरा (माइट) को टोकाइबाट मानिसमा सर्दछ । यो रोग माइटमा पाइने ओरेन्सिया सुसुगामुसी (Orentia Tutsugamushi) भन्ने जिवाणुबाट लाग्दछ । माइट प्राय : जसो झाडी, खेतवारी, वनजंगल, घर वरिपरिको झाडी वा घुरान हुने ठाँउमा देखिने गर्दछ ।



**स्कब टाइफस कसरी सर्छ ?**

मुसामा लाग्ने किर्ना जस्तो देखिने किरा (माइट)को टोकाइबाट मानिसमा सर्दछ । यो रोग मानिसबाट मानिसमा सर्दैन ।

**स्कब टाइफसका लक्षणहरु**

- धेरै ज्वरो आउनु (काम ज्वरो समेत आउन सक्छ)
- धेरै टाउको दुख्नु
- पसिना धेरै आउनु
- आँखा रातो हुनु
- झाडापखाला लाग्नु
- किराले (माईट) टोकेको ठाउँमा रातो डाबर जस्तो दाग देखिनु र पछि गएर कालो दाग बस्नु



**स्कब टाइफसबाट बच्ने उपायहरु के-के हुन् ?**

- खेतवारीमा काम गर्दा वनजंगल /झाडीमा जाँदा वा घाँस काट्न जाँदा पुरा शरीर ढाकिने कपडा लगाउने साथै सम्भव भुइं सम्म बुट लगाउने
- घाँसवारी वा चउरमा बस्दा गुन्द्री वा दरी ओछ्याएर बस्ने
- सम्भव भएसम्म भुईंमा नबस्ने । खाटमा वा अग्लो स्थानमा सुत्ने/बस्ने
- सकेसम्म घाँसवारी र चउरमा नबस्ने
- चउरमा,वारी ,झाडी,घाँस तथा धुरान बढ्न नदिने
- मुसा नियन्त्रणको लागि उपयुक्त किसिमले अन्न भण्डार गर्ने तथा मुसाको बृद्धि विकास नहुने वातावरणको सृजना गर्ने ।

**स्क्रब टाइफस लागेको शंका लागेमा उपचारको लागि तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लैजानु पर्छ । औषधी सेवनपछि यो रोग निको हुन्छ ।**

अर्नमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्नमा, सिरहा
मधेश प्रदेश, नेपाल

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)